## नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको

## उन्नाईसौं वार्षिक साधारण सभा

## को

## निर्णय (माईन्युट) विवरण

### १) प्रारम्भिक

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको उन्नाईसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा मिति २०७६ ज्येष्ठ ०४ गते (तदनुसार १८ मे, २०१९) शनिबार होटल दियालो लर्डस प्लाजा, बिरगन्जमा बिहान ९:३० बजे शुरु भई अपरान्ह १:३० बजे सम्पन्न भयो । साधारण सभाको निर्णयहरु तथा अन्य काम कारबाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

### २) उपस्थिति

#### क) संचालकहरुको उपस्थिति

| | |
|---|---|
| १ श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २ श्री कमलेश कुमार अग्रवाल | संचालक |
| ३ श्री प्रकाश मुन्दडा | संचालक |
| ४ श्री विवेक अग्रवाल | संचालक |
| ५ श्री बिमल पसाद ढकाल | संचालक |
| ६ श्रीमती पारुल ढकाल | संचालक |

#### ख) पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १ श्री विवेक झा | प्रमुख कार्यकारी अधिकृत |
| २ श्री सन्तोष प्रसाई, | उप- प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३ श्री सुशील कुमार चौधरी | उप- प्रमुख कार्यकारी अधिकृत |
| ४ श्री मेघेन्द्र प्रकाश गिरी | ब्रान्ड तथा कम्युनिकेशन प्रमुख |
| ५ श्री रोशन दवाडी, | लेखा तथा वित्त प्रमुख |

**ग) शेयरधनीहरुको उपस्थिति**

उपस्थित शेयरधनीहरुको संख्याः ३११ जना

क) शेयरधनी स्वयंबाट :२२२ जना

ख) प्रतिनिधि (प्रोक्सी) बाट : ८९ जना

शेयरको प्रतिनिधित्व संख्या :२,८६,७७,५९५

शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६५.२२%

ङ) यस सभामा सहभागि हुन पाउने कुल १,४९,१८० शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

**३) छलफलका विषयसूचीहरु :-**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व. २०७४/०७५ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७५ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आ.व.२०७४/०७५ को आय व्यय हिसाब, नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३) लेखा परीक्षण समितिमा सिफारिस बमोजिम आ.व.२०७४/०७५ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने ।

४)संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२३.५०/– अर्थात रु. १,०३,३२,५६,२४८/- (प्रस्तावित बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५)संचालक समितिबाट संस्थापक समुह अर्न्तगत रित्त संचालक पदको बाँकी कार्यकालका लागि गरिएको नियुक्ति अनुमोदन बारे ।

६) संचालक समितिको बैठक भत्ता बारे ।

**ख) बिशेष प्रस्ताव**

१) कम्पनीको अधिकृत पूँजीलाई बृद्धि गरि रु १०,००,००,००,०००/–(दश अर्ब) कायम गर्ने ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

३)संचालक समितिको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा सुविधा बारेको प्रावधान नियमावलीमा समाहित गर्ने ।

४) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गर्ने ।

५) कम्पनी ऐन को १०५(१)(ग) बमोजिम आ.व.२०७४/०७५ मा भएको खर्च अनुमोदन गर्ने ।

**ग) विविध**

**४) सूचना प्रकाशन :**

संचालक समितिको मिति २०७६/०१/१२ गते बसेको २८५ औं बैठकको निर्णय बमोजिम कम्पनीको बार्षिक साधारण सभा मिति २०७६ ज्येष्ठ ०४ गते रजिर्ष्टर्ड कार्यालय रहेको स्थान बीरगञ्जमा आयोजना हुने भनि मिति २०७६/०१/१३ गते कान्तिपुर दैनिक र दोस्रो पटक मिति २०७६/०१/३१ गते अभियान दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको ब्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिवेदन सहितको साधारण सभाको विस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको थियो ।

**५) गणपुरक संख्या**

| **विवरण** | **कुल संख्या** | **स्वयं उपस्थिति** | **प्रतिनिधि मार्फत (प्रोक्सी)** | **जम्मा उपस्थिति** | **प्रतिनिधित्व प्रतिशत** |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,४९,१८० | २२२ | ८९ | ३११ | – |
| शेयर संख्या | ४,३९,६९,२८६ | २८,७६,०७२ | २,५८,०१,५२३ | २,८६,७७,५९५ | ६५.२२% |

**६) सभाको वैधानिकता तथा सभापतित्व**

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुंदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावलीको बमोजिम प्रक्रिया पुरा गरि कम्पनीको बार्षिक साधरण सभा

बोलाईएको र सो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा बैधानिक भएको घोषणा गर्नुभयो । सभा बैधानिक भएकोले निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो र आसन ग्रहण पश्चात उहाँले अध्यक्ष श्री गोविन्दलाल संघईज्यूलाई साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको सभापतिको आसन ग्रहण गर्नुभयो । तत्पश्चात कम्पनी सचिवले साधारण सभाका निर्धारित बिषयसूचीहरु पढेर सुनाउँदा बैठकले सोहि बमोजिम सभा संचालनको प्रक्रिया अगाडि बढाउन सहमति जनायो । सभा संचालनको बैधानिक प्रकृया पुरा भएकोले सभाको सभापती श्री गोविन्द लाल संघईज्यूलाई विषयसूची बमोजिमको कारवाही अगाडि बढाउन अनुरोध गरियो ।

### ७) सभा संचालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापति एवं अध्यक्ष श्री गोविन्दलाल संघईज्यूले आ.व. २०७४/०७५ को संचालक समितिको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात सभापतिद्धारा सभा समक्ष आ.व.०७४/०७५ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धि विविध पक्षहरुमा आफ्नो बिचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

### ८) छलफलमा सहभागी शेयरधनीको नाम

छलफलमा सहभागी हुनुभएका शेयरधनीबाट ब्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम रहेको थियो ।

#### १) श्री नन्द प्रसाद तीवारी

- बर्षिक साधारण सभा कानूनले तोकिएको समय भित्र सम्पन्न गर्नुपर्ने ।
- कम्पनीले हरेक बर्ष शेयरधनीहरुलाई राम्रो प्रतिफल प्रदान गर्दै आएको छ । यस कम्पनीले सबैको बिश्वास जित्न सफल भएको छ । आगामी दिनमा समेत यसलाई निरन्तरता दिन सकियोस् ।
- कम्पनीको समग्र लगानी प्रतिफल १० प्रतिशत भन्दा मथि रहनु स्वागतयोग्य छ ।
- बैकांइन्स्यूरेन्स मार्फत बैकं द्वारा बिकि भएको पोलिसिमा अस्वस्थ प्रतिस्प्रधा हुने भएकोले आगामी दिनहरुमा यस सम्वन्धमा सचेत हुनु पर्ने ।
- कम्पनीले समयअनुकुल नयाँ नयाँ बिमालेख बजारमा ल्याउनुपर्ने धारणा व्यक्त ।

#### २) श्री डमरु बल्लभ घिमीरे

- बीमा ब्यवसाय बिश्वासको ब्यवसाय भएकोले यसलाई निरन्तर कायम राख्न सक्नु पर्दछ ।

- बिद्यमान तीब्र प्रतिस्पर्धात्मक बातावरणमा फरक रणनीति अबलम्बन गरिनुपर्दछ ।
- कम्पनीले आफु संग आवद्ध सबै पक्षहरुलाई खुशी राख्न सफल भएको छ यो खुशी निरन्तर कायम राख्दै जान र भविष्यमा कम्पनीको उत्तोरत्तर प्रगतिको कामना ।
- जीवन बीमा भन्नु नै **"नेपाल लाइफ"** हो भन्ने आम नेपालीको धारणा बनिसकेको छ । यो ब्राण्डलाई कायम राख्न सक्नुपर्दछ ।
- कम्पनीद्दारा प्रकाशित आ.व.२०७४/०७५ को बार्षिक प्रतिबेदन पुस्तक धेरै सुचनामुखी तथा आकर्षक रहेको र भविष्यमा पनी यस्तै रहने विश्वाश व्यक्त ।

**३) <u>श्री राजु कुमार शर्मा</u>**

- कम्पनीले आफुसंग आवद्ध सबै पक्षहरुलाई खुशी राख्न सफल भएको छ ।
- कम्पनीको अधिकृत पुजी रु १०,००,००,००,०००/–(दश अर्ब ) कायम गरी व्यवसाय बिस्तारमा अझै अगाडी बढने आक्रमक उद्देश्य तथा लक्ष्य लिएकोमा व्यवस्थापनलाई हार्दिक धन्यबाद व्यक्त ।

**९) <u>शेयरधनीहरुको जिज्ञासाको जवाफ</u>:**

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री विवेक झाज्युलाई निर्देशन दिनु भयो ।

**<u>प्रमुख कार्यकारी अधिकृत श्री विवेक झा</u>**

- साधरण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । नेपाल लाईफलाई अग्रिणी स्थानमा ल्याउनको लागि अहम भुमिका निर्वाह गर्नुहुने लगानीकर्ता, बिमित, अभिकर्ता, कर्मचारीबर्ग लगायत सबै पक्षको ठुलो सहयोग तथा सदभावको लागि हार्दिक धन्यबाद दिन चाहन्छु ।
- जीवन बीमा भन्ने बित्तिकै "नेपाल लाईफ" को नाम अगाडि आउने गरेको छ । कम्पनीले हरेक क्षेत्रमा आफ्नो प्रभाव कायम राख्न सफल भएको छ । अगामी दिनहरुमा पनि यो प्रभाव कायमनै रहने छ ।
- हालै जीवन बीमा क्षेत्रहरुमा नयाँ कम्पनीको आगमन सगैं बजारमा तिब्र प्रतिश्पर्धा कायम भएको हुनाले यस्तो प्रतिस्प्रधा संगै गलत प्रबृतिहरुको अभ्यास हुन सक्ने प्रति अत्यन्त सजगभई यस क्षेत्रलाई सम्मानजनक बनाउन सबैको भुमिका अनिवार्य छ ।
- कम्पनीले प्रत्येक बर्ष शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्दै आइरहेको तथा यस्तो प्रतिफल आगामी बर्षहरुमा पनि कायम रहि राख्ने बिश्वाश व्यक्त ।

- कम्पनीले निरन्तर रुपमा बिमितहरुलाई आकर्षक बोनस प्रदान गर्दै आईरहेको तथा कम्पनीले दिगो तथा भरपर्दो बोनस दर कायम गरिराख्न सफल भएको छ ।
- कम्पनीले आगामी दिनहरुमा समयअनुकुल नयाँ नयाँ बिमा पोलिसी बजारमा ल्याउने प्रतिबद्दता व्यक्त ।

१०) <u>साधारण सभाको छलफल तथा निर्णयहरु</u>

क) <u>सामान्य प्रस्ताव</u>

१ सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७४/०७५ को संचालक समितिको १९ औं बार्षिक प्रतिवेदन छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो

२ सभामा आर्थिक बर्ष २०७४/०७५ को लेखापरिक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को आयब्यय हिसाब, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३ सभामा लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री ज्ञानेन्द्र एण्ड एशोशियर्टस् चार्टड एकाउन्टेन्स्लाई आ.व. २०७५/०७६ का लागि बाह्य लेखा परिक्षकमा नियुक्ति गर्ने र नीजलाई बाह्य लेखापरिक्षण शुल्क बापत रु. ३,५०,०००/= ( नियमानुसारको कर वा शुल्क लाग्ने भए सो थप हुने ) उपलब्ध गराउने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४ सभामा संचालक समितिको सिफारिस बमोजिम प्रति शेयर रु २३.५% अर्थात रु १,०३,३२,५६,२४८/- (पस्तावित बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृतिका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५ संचालक समितिको २६९ औ बैठकबाट कम्पनीमा संस्थापक समुह (क) अन्तर्गत रिक्त रहेको संचालक पदको बाँकी कार्यकाल संचालक श्री राम अवतार अग्रवालज्यूलाई संचालक पदको बाकी कार्यकालको लागि मनोनयन गरिएकोले उहाँहरुको नियुक्ति अनुमोदनको लागि सभामा प्रस्तुत हुदाँ उक्त नियुक्तिलाई सर्वसम्मतिले अनुमोदन गरियो ।

६ संस्थागत सुशासन निर्देशिका २०७५ को बुदाँ नं १०(१) बमोजिम संचालकहरुको बैठक भत्ता वा अन्य सुविधा कम्पनी सम्बन्धी प्रचलित कानुन बमोजिम बनाईएको बिमकको नियमावलीमा तोकिए बमोजिम

हुनेछ भनि उल्लेख भएको सन्दर्भमा बिद्यमान बैठक भत्तालाई समसामयिक रुपमा बृद्धि गर्न आवश्यक देखि संचालक समितिको २८५औ बैठकले अध्यक्षज्युको रु १९,०००/– र संचालकज्यूहरुको रु १६,०००/– कायम गर्ने र संस्थागत सुशासन निर्देशिका २०७५ को बुदा नं १४ बमोजिम गठन गरिएको संचालक स्तरिय समिति एवं उपसमितिका सदस्य तथा  अन्य आमन्त्रित सदस्यले प्राप्त गर्ने बैठक भत्ता समेत संयोजकलाई अध्यक्ष सरह रु १९,०००/– तथा सदस्य तथा आमन्त्रित सदस्यलाई संचालक सरह रु १६,०००/– कायम गर्ने तथा उक्त व्यवस्थालाई कम्पनीको नियमावलीमा समाहित गर्ने भनी साधरण सभामा स्वीकृतीका लागि सिफारिस गरेकोले उक्त प्रस्ताव सभामा निणयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

कम्पनीको १८ औ बार्षिक साधरण सभा बाट पारित भई संचालक समितिका अध्यक्ष एवं संचालकहरुलाई पत्रपत्रिका, टेलिफोन, मोवाईल, इन्टरनेट खर्च बापत एकमुष्ठ रु १५,०००/– प्रति महिना प्रदान गर्दै आएकोमा बिमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ को दफा १० को उपदफा १ अनुसार कम्पनीको नियमावलीमा व्यवस्था गर्नुपर्ने भएकोले सो लाई नियमावलीमा समाहित गर्ने भन्ने कम्पनीको संचालक समितिको २८५औ बैठकको निर्णय अनुसार साधरण सभामा स्वीकृतीका लागि प्रस्ताव गर्ने निर्णय भएकोले सो प्रस्ताव सभामा निर्णायर्थ पेश हुदाँ सर्वसम्मतीले स्वीकृत गरियो ।

**ख) विशेष प्रस्ताव**

**१** कम्पनीको अधिकृत पूँजीलाई बृद्धि गरि रु १०,००,००,००,०००/=(दश अर्ब) कायम गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश  हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

**२** सभामा सचालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गरियोस भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो साथै बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव पारित गरियो ।

**३** कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात देहाय बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ५(क), ५(ख), ५(घ) तथा नियमावलीको नियम ५(क), ५(ख), ५(ङ) तथा नियम १२ मा संशोधन/थप गर्ने निर्णय गरियो । साथै सभामा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकाय तथा अन्य निकायहरुबाट स्वीकृत लिने क्रममा कुनै फेरबदल वा सुझाव बमोजिम आवश्यक फेरबदल वा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रवन्धपत्रमा भएको संशोधन**

| दफा | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| दफा ५(क) | कम्पनीको अधिकृत पूँजी रु.८,००,००,००,०००/– (आठ अर्व) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी ८,००,००,०००/– (आठ करोड) थान शेयरमा विभाजन गरिएको छ। | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– ( अक्षरुपी दश अर्व) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी १०,००,००,०००/– (दश करोड) थान शेयरमा विभाजन गरिएको छ। | कम्पनीको व्यवसायिक अभिबृद्धिको लागि अधिकृत पूँजी बृद्धि गर्न आवश्यक भएकोले। |
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु. ४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ। | कम्पनीको तत्काल जारी पूँजी रु. ५,४९,६१,६०,८१०/-(अक्षरुपी पाचँ अर्ब उनचास करोड एकसठ्ठी लाख साठि हजार आठ शय दश) हुनेछ। | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई वृद्धि गर्न आवश्यक भएकोले। |
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी रु. ४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ। | कम्पनीको चुक्ता पूँजी रु. ५,४९,६१,६०,८१०/-(अक्षरुपी पाचँ अर्ब उनचास करोड एकसठ्ठी लाख साठि हजार आठ शय दश) हुनेछ। | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले। |

## <u>नियमावलीमा भएको संशोधन</u>

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| नियम ५(क) | कम्पनीको अधिकृत पूँजी रु.८,००,००,००,०००/– (आठ अर्व) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी ८,००,००,०००/– (आठ करोड) थान शेयरमा विभाजन गरिएको छ | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– (अक्षरुपी दश अर्व) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी १०,००,००,०००/– (दश करोड) थान शेयरमा विभाजन गरिएको छ। | कम्पनीको व्यवसायिक अभिबृद्धिको लागि अधिकृत पूँजी बृद्धि गर्न आवश्यक भएकोले। |
| नियम ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु. ४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ। | कम्पनीको तत्काल जारी पूँजी रु. ५,४९,६१,६०,८१०/-(अक्षरुपी पाचँ अर्ब उनचास करोड एकसठ्ठी लाख साठि हजार आठ शय दश) हुनेछ | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई वृद्धि गर्न आवश्यक भएकोले। |
| नियम ५(ङ) | कम्पनीको चुक्ता पूँजी रु.४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ। | कम्पनीको चुक्ता पूँजी रु. ५,४९,६१,६०,८१०/-(अक्षरुपी पाचँ अर्ब उनचास करोड एकसठ्ठी लाख साठि हजार आठ शय दश) हुनेछ। | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले। |
| नियम १२ | **संचालकको पारिश्रमिक र भत्ता सम्बन्धि व्यवस्था** | नियम १२ संचालकहरुको सेवा सुविधा र भत्ता सम्वन्धि व्यवस्था: | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को |

| | | | |
|---|---|---|---|
| | अध्यक्ष, प्रबन्ध संचालक र संचालकको पारिश्रमिक तथा बैठक भत्ता साधरण सभाले समय समयमा तोके बमोजिम हुनेछ । तर बार्षिक साधरण सभा नभएसम्म संचालक समितिले यस विषयमा निर्णय गर्न सक्नेछ । | (क) अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा निम्नानुसार हुनेछ ।<br>बैठक भत्ताः अध्यक्ष– प्रति बैठक रु १९,०००/–<br>संचालक– प्रति बैठक रु १८,०००/–<br>(ख)अध्यक्ष तथा संचालकहरुलाई पत्रपत्रिका, टेलिफोन, मोबाइल, इन्टरनेट खर्च बापत एकमुष्ठ प्रति महिना १५,०००/– उपलब्ध गराईनेछ ।<br>(ग) संचालक समितिद्वारा गठित समिति तथा उपसमितिका संयोजकको बैठक भत्ता अध्यक्ष सरह र सदस्य तथा आमन्त्रित सदस्यको बैठक भत्ता संचालक सरहको हुनेछ । | दफा १० को उपदफा १ अनुसार नियमावलीमा समावेश गर्न आवश्यक भएकोले । |

७. कम्पनीले आ.व २०७४।०७५ मा सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि कुल रु ९,१२,४३०/–रकम चन्दा शिर्षक अन्तर्गत लेखाङ्कन गरिएकोले कम्पनी ऐनको दफा १०५(ग)बमोजिम अनुमोदनका लागि पेश हुदाँ सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो ।

**ग) विविध ।**

विविध बिषय अर्न्तगत छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

**११. धन्यवाद तथा सभा विसर्जन**

कार्यक्रमको अन्त्यमा, सभापतिज्यूले उन्नाईसौं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा हार्दिक धन्यवाद दिंदै सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

(सन्तोष प्रसाई)
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष